**प्रस्तावहरु:**

१। करार कर्मचारीहरुको तलब भुक्तानी सम्बन्धमा ।

२। छुट फाइल भुक्तानी सम्बन्धमा ।

३। योजना रोक्का सम्बन्धमा ।

४। गाउँपालिकाको घ वर्गको इजाजत प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धमा।

५। विविध सम्बन्धमा ।

- आर्थिक सहयोग सम्बन्धमा ।
- वि.पी स्मृती भवन निर्माणको भुक्तानी सम्बन्धमा ।
- मानव अधिकार सम्बन्धी कार्यक्रम सम्बन्धमा ।
- बृद्धवृद्धा, हिंसा पिडित महिला तथा सडक बालबालिकाहरुलाई सहयोग कार्यक्रम सम्बन्धमा ।
- मर्मत सम्भार सम्बन्धमा ।
- अध्यक्ष कोषबाट भुक्तानी सम्बन्धमा ।
- होली मिलन कार्यक्रम तथा ईदको रोजा इफ्तारी गर्ने सम्बन्धमा ।
- ह्युम पाइप खरीद सम्बन्धमा ।
- वडा नं. ५ को प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
- लागत साझेदारी सम्बन्धमा ।

## निर्णय तथा छलफलहरु

प्रस्ताव नं.१ को बुँदामा छलफल गर्दा जानकी गाउँपालिका,गाउँ कार्यपालिका कार्यालय तथा वडा कार्यालयहरुमा कार्यरत सम्पुर्ण करार कर्मचारीहरुको साबिकमा खाईपाई आएको तलब फाल्गुण महिनाको लागि उपलब्ध गराउन निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं.२ को बुँदामा छलफल गर्दा तपसिलका मिडियाहरु सँग गत आ.व. मै सम्झौता भई काम सम्पन्न भई सकेको तर विविध कारणले गर्दा भुक्तानी दिन बाँकी रहेको हुँदा उक्त मिडियाहरुले पेश गरेको फाइलहरुको गत वर्षको दायित्व शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल :**

- जोहन मिडिया एण्ड रिसर्च सेन्टर,नेपालगंज – ४
- सत्यम्खबर डटकम,नेपालगंज-६

प्रस्ताव नं.३ को बुँदा मा छलफल गर्दा कोष तथा लेखा नियन्त्रक कार्यालय,नेपालगंज,बाँकेको पत्र संख्याः २०८०/८१, च.नं. ३७९, मितिः २०८०/११/०३ गतेको प्राप्त पत्रानुसार महालेखा नियन्त्रक कार्यालय बजेट तथा कार्यान्वयन तथा शोधभर्ना शाखाको च.नं. १०६ मिति २०८०/१०/२६ को पत्रानुसार प्रदेश तथा स्थानीय तहमा तेश्रो किस्ता वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा वार्षिक विनियोजित बजेटको ५५.७३२५

प्रतिशतमा नबढ्ने गरी हस्तान्तरण गर्न भनी लेखी आएकोमा मिति २०८०/१०/१२ गते सम्ममा यस जानकी गाउँपालिकामा तेश्रो किस्ता पुरै सहित हालसम्ममा ७५ प्रतिशत समानीकरण अनुदान हस्तान्तरण भैसकेको र सो अनुसार बढी निकासा भएको समानीकरण अनुदानको रकम फिर्ता गर्ने अवस्था रहेकोले तोकिएको प्रतिशतमा नबढ्ने गरी खर्च गरी बाँकी रकम फिर्ता / समायोजन गर्ने भनी जानकारी पत्र आएको हुँदा सो अनुसार कार्यान्वयन गर्ने र सबैवडाहरुलाई पत्राचार गर्ने भनी सर्वसम्मत निर्णय गरियो ।

<u>प्रस्ताव नं.४</u> को बुँदा मा छलफल गर्दा यस जानकी गाउँपालिकामा निर्माण व्यवासायीको रुपमा ठेक्कापट्टा गर्न 'घ' बर्गको इजाजत प्रमाणपत्र तपसिल बमोजिमको निर्माण ब्यवसायीलाई दिने भनी सर्वसम्मतबाट निर्णय गरियो ।

<u>तपसिल :</u>

- श्री दुर्गेश्वरी निर्माण सेवा,जानकी – ०५, बाँके ।

<u>प्रस्ताव नं.५</u> को बुँदा मा छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

<u>तपसिल :</u>

- ज्योति स्पोर्ट्स एकेडेमी नेपालगंज,बाँकेको आयोजनामा नेपालगंजमा सम्पन्न भएको प्रथम माननीय किशोर सिंह राठौर यू-१६ विद्यालय स्तरीय क्रिकेट प्रतियोगिता २०८० लाई रु.५०,०००/-(अक्षरेपी पचास हजार मात्र) चालु कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।
- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको खर्च शीर्षक ३११५९, स्रोत नेपाल सरकार – नगद अनुदान भवन,आवास तथा सहरी विकास उप क्षेत्रमा रहेको **वि.पी स्मृती भवन निर्माणका लागि सहयोग** आयोजनामा विनियोजित रकम रु.३,००,०००/-(अक्षरेपी तिन लाख) लाई **सुशील कोइराला स्मृती भवन निर्माण समितिलाई** उपलब्ध गराउने निर्णय गरियो ।
- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको खर्च शीर्षक २२५२२, स्रोत नेपाल सरकार – नगद अनुदान भवन,सामाजिक सुरक्षा तथा संरक्षण उप क्षेत्रमा रहेको **मानव अधिकार सम्बन्धी कार्यक्रममा** विनियोजित रकम रु.१,२५,०००/-(अक्षरेपी एक लाख पचीस हजार मात्र) **मानव अधिकार समुह,जानकी -५** लाई संचालन गर्न दिने निर्णय गरियो ।
- आ.व. २०८०/८१ वार्षिक बजेट तथा कार्यक्रमको खर्च शीर्षक २२५२२, स्रोत नेपाल सरकार – नगद अनुदान युवा तथा खेलकुद उप क्षेत्रमा रहेको **बृद्धवृद्धा, हिंसा पिडित महिला तथा सडक बालबालिकाहरुलाई सहयोग कार्यक्रममा** विनियोजित रकम

रु.२,००,०००/-(अक्षरेपी दुई लाख मात्र) **महिला जागरण अभियान बाँके** लाई संचालन गर्न दिने निर्णय गरियो ।

- जानकी गाउँपालिका अन्तर्गत शिक्षा,युवा तथा खेलकुद शाखाको मिति २०८०/११/२७, च.नं. ११७ को पत्रानुसार जानकी मा.वि.को पश्चिम तर्फको कम्पाउण्डवाल जग देखि नै भत्किएको हुँदा २०८० सालको एस.ई.ई को परीक्षा केन्द्र पनि सो विद्यालयमा भएकोले परीक्षा संचालनमा समस्या हुने देखिएको हुँदा उक्त स्कुलको कम्पाउण्डवाल प्राविधिक इष्टिमेटको आधारमा तथा वडा नं. ६ गनापुर पिप्रहवा चोकमा रहेको हाई माक्सलाइट मर्मत गरी विद्युत महशुलको रकम मर्मत सम्भार कोषबाट दिने निर्णय गरियो ।
- श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालय जानकी -६ मा सरस्वती मन्दिर निर्माण वापतको रकम रु.१,००,०००/-(अक्षरेपी एक लाख मात्र) र वडा नं. ३ को बिजुली पोलमा तार तथा लाइट खरीद तथा जडान कार्यमा अपुग हुन गएको रकम रु. १,७५,०००/-(अक्षरेपी एक लाख पच्छत्तर हजार) अध्यक्ष कोषबाट भुक्तानी दिने निर्णय गरियो ।
- मिति २०८०/१२/११ गते आइतबार यस जानकी गाउँपालिका,मानपुर बाँकेको आयोजनामा सबै राजनीतिक दल,संघ संस्था बुद्धिजीवी,समाजसेवी तथा गाउँपालिकाका सम्पुर्ण कर्मचारीहरुको उपस्थितिमा होली मिलन कार्यक्रम तथा अध्यक्षज्युले तोकेको मितिमा ईदको रोजा इफ्तारी मनाउने निर्णय गरियो ।
- वडा तथा गाउँपालिकाको माग तथा आवश्यकताको आधारमा ह्युम पाइप तथा विजुलीको पोल विनियोजित बजेटबाट खरीद गर्ने निर्णय गरियो ।
- वडा नं. ५ को प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत देहाय बमोजिमको योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

  <u>तपसिल :</u>

  - नाली सरसफाई तथा नाली मर्मत तथा निर्माण ।
  - नयाँ सडक खोल्ने,बाटो मर्मत संभार तथा कृषिका लागि नाला निर्माण तथा मर्मत संभार ।
  - सडक छेउमा रहेका बोट बिरुवा सरसफाई तथा कटान ।

- वडा नं. २ बेलभारमा मिलाप संस्था नेपालगंजबाट विपन्न नागरिकको लागि शौचालय निर्माण कार्य भइ रहेकोमा लक्षित वर्ग शिर्षकबाट गाउँपालिकाले आवश्यक पर्ने ईट्टामा लाग्ने रकम लागत साझेदारी गर्ने निर्णय गरियो ।